# स्वामीकार्तिक खापर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ५ मितिः २०७७/०३/१७

## भाग-२

### स्वामीकार्तिक खापर गाउँपालिका

## असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग भएको, असाय, विपन्न, न्यून जग्गा जमिन तथा अन्य आयश्रोत नभएको असहायहरूलाई उपलव्ध गराइने राहत सम्बन्धी मापदण्ड २०७७

## गा.पा. भन्दा बाहिर रहेका विद्यार्थी विरामी व्यक्तिहरूलाई उपलव्ध गराइने राहत सम्बन्धी मापदण्ड २०७७

**<u>प्रस्तावनाः-</u>**

कोभिड १९ को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकूल अवस्थाबाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई दैनिक जीवन यापनको लागी स्थानीय तहबाट राहत उपलव्ध गराउने गरी यस स्वामीकार्तिक खापर गाउँपालिकाबाट यो मापदण्ड तयार गरिएको छ ।

१).**संक्षिप्त नाम र प्रारम्भः-** (१) यस मापदण्डको नाम "असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलव्ध गराइने राहत सम्बन्धि मापदण्ड २०७७ रहेको छ ।

(२) यो मापदण्ड नेपाल सरकारले लकडाउन घोषणा गरेको अवधिसम्मको लागी लागु हुनेछ ।

२).**परिभाषाः-** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा ।

(क). "असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग "भन्नाले दैनिक रूपमा कामकाज गरी पटके वा दैनिक ज्याला आम्दानी गर्ने दफा ४ बमोजिमका श्रमिक कामकादार तथा मजदुर सम्झनुपर्छ ।

(ख). "असहाय "भन्नाले कसैको लालन पालनमा नरही अशक्त तथा आवास विहीन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद, गुरूद्धारा, चर्च वा बृद्धाश्रममा बस्ने व्यक्ति सम्झनुपर्छ । साथै अध्ययन गर्ने बाहिर जिल्लामा गएका, उपचार गर्न बाहिर गएर घर फर्किन नसकेको व्यक्ति समेत सम्झनुपर्छ ।

(ग). "राहत "भन्नाले नेपाल सरकारबाट निर्णय भए बमोजिम सम्बन्धित स्थानीय तहहले दफा ३ बमोजिमका श्रमिक वर्ग तथा असहायहरूलाई प्रदान गरिने दफा ५ बमोजिमको सामाग्री सम्झनुपर्छ ।

(घ). "स्थानीय तह "भन्नाले स्वामीकार्तिक खापर गाउँपालिकालाई सम्झनुपर्छ ।

(ङ). " विपन्न "भन्नाले कुनै पनि आय स्रोत नभएका तथा जग्गा जमिन नभएका वा कम जग्गा जमिन भएका व्यक्तिलाई सम्झनुपर्छ ।

स्वामीकार्तिक खापर गाउँपालिका

३). **<u>अभिलेख राख्नुपर्नेः-</u>** (१) यस मापदण्ड बमोजिमको राहत देहायका श्रमिक वर्ग तथा असहायहरूलाई प्रदान गर्न सम्बन्धित वडा कार्यालयले अभिलेख तयार गर्नुपर्नेछ ।

(क). पसलबाट ग्राहको घरसम्म सामान ओसारपसार गर्ने श्रमिक,

(ख). पर्यटक भरिया, निर्माण सामाग्री भरिया तथा सवारी साधन नचल्ने बाटोमा आवश्यक वस्तुहरू ओसारपसार गर्ने व्यक्ति,

(ग). ट्रक, ट्रिपर, भ्यानबाट समान लोड अनलोड गर्ने श्रमिक,

(घ). अन्य व्यक्तिको खेतवारीमा दैनिक ज्यालामा लिने गरी काम गर्ने कृर्षि मजदुर,

(ङ). आफ्नो नातेदार बाहेको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाई शिशु तथा ज्येष्ठ नागरिक स्याहार जस्ता सेवा प्रदान गर्ने व्यक्ति,

(च). गिट्टी कुट्ने, बालुवा चाल्ने तथा ईट्टा भट्टामा काम गर्ने मजदुर,

(छ). निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका मजदुर,

(ज). नाङ्लो पसलले, दैनिक रूपममा पत्रिका वितरक, साना फुटपाथ पसलले, ठेला गाडा तथा साइकिलमा समान विक्रि वितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने मजदुर,

(झ). अध्ययन गर्ने बाहिर जिल्ला रहेका विद्यार्थी उपचार गर्ने गएका विरामी,

(ञ). देहायका यातायात मजदुरहरूः-

(१). अन्य व्यक्तिको माल बाहक सवारी तथा डेलिभरी भ्यान चलाउने सवारी चालक / सहचालक ,

(२). दैनिक ठेक्का वा ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक,

(३). रिक्सा तथा डेलागाडा चालक,

(४). सवारी साधनको मर्मत गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर,

(५). काम गर्ने बाहिर जिल्लामा गएका मजदुर,

स्वामीकार्तिक खापर गाउँपालिका

(ट). अन्य व्यक्तिको गार्मेन्ट , कार्पेट, टेलरिङ, गलैंचा, बुट्टा तथा जर्ति भर्ने र कपडा पसलमा दैनिक ज्यालदारीमा काम गर्ने मजदुर,

(ठ). स्थानीय तहमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति ।

(२). यस दफा बमोजिमकोत्र राहत पाउने परिवार तथा व्यक्तिको अभिलेख अनुसुची १ बमोजिम सम्बन्धित वडा सचिवले वडा सदस्य तथा वडा वडाध्यक्षको सहयोग लिई तीन दिन भित्र तयार गरी सार्वजनिकरण गर्नुपर्नेछ ।

**४). <u>राहत वितरण गर्नुपर्नेः-</u>** दफा ३ बमोजिमको लागतमा समावेश भएको श्रमिक वर्ग तथा असहायहरूलाई सम्बन्धित वडाले अनुसूची २ बमोजिमको ढाँचामा विवरण राखी दफा ५ बमोजिमको राहत तत्काल वितरण गर्नुपर्नेछ ।

**५). <u>राहत सामाग्रीः-</u>** (१) खाद्य आवश्यकताको आधारमा श्रमिक वर्ग तथा असहायहरूलाई प्रति परिवारका लागी देहाय सामाग्री राहत स्वरूप वितरण गरिनेछ ।

(क). चामल ३० किलोग्राम

(ख). दाल ५ किलोग्राम

(ग). नुन २ पाकेट

(घ). खाने तेल २ पाकेट

(ङ). सावुन २ वटा

(च). चिनी २ किलोग्राम ।

(२) यस मापदण्ड बमोजिम राहत वितरण गर्दा एक परिवारलाई एक इकाई मानी सम्बन्धित वडाले अभिलेख कायम गर्नुपर्नेछ । साथै परिवार संख्या कायम गर्दा दुई जनासम्म भए उपदफा (१) बमोजिमकोत्र राहत सामाग्रीको आधा र सो भन्दा बढी परिवार संख्या भए पुरै राहत सामाग्री वितरण गरिनेछ ।

(३) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक वर्ग , असहाय तथा तिनसँग सँगै रहेका परिवारका कुनै सदस्यले यस अवद्यिमा कुनै वैकल्पिक आय आर्जन गरेको अवस्थामा निजलाई यस मापदण्ड बमोजिमको राहत सामाग्री वितरण गरिने छैन् ।

(४) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको एकै परिवारको एक भन्दा बढी सदस्यलाई राहत सामाग्री वितरण गरिने छैन् ।

६). **नगद राहत वितरणः-** जिल्ला बाहिर रहेका विद्यार्थी / बिरामी तथा श्रमिकलाई तपसिल बमोजिमको राहत वितरण गरिनेछ ।

(क). विद्यार्थी रू. २०००।–

(ख). श्रमिक रू. २५०० ।-

(ग). विरामी रू. ३०००।–

७). **राहत वितरण गर्ने विद्यिः-** (१) देहायको विधि अवलम्बन गरी दफा ५ बमोजिमको राहत सामाग्री वितरण गर्नु पर्नेछ ।

(क). राहत वितणको लागी सम्बन्धित वडा समितिले सामाग्री खरिद गरी वितरण गर्ने ।

(ख). सम्बन्धित वडा समितिले हुन सक्ने सम्भाव्य भिड तथा अन्य व्यवस्थापकीय समस्याका कारणले वडा समितिबाट वितरण गर्न नसक्ने अवस्था भएमा देहाय बमोजिम गर्नेः

(१) स्थानीय तहले आफ्नो क्षेत्र भित्र दफा ५ बमोजिमको सामाग्री उपलव्ध गराउन सक्ने स्थानीय आपूर्तिकर्ताबाट मूल्य सुची लिई सोको आधारमा सामाग्रीको गुणस्तर तथा मुल्य यकिन गर्ने र उपलव्ध भए सम्मका आपूर्तिकर्ता छनौट गर्ने ।

(२) दफा ३ बमोजिमको लगतमा परेका श्रमिक वर्ग तथा असहायहरूलाई वडा सदस्य वा अध्यक्षले कुपन उपलव्ध गराई उपखण्ड (१) बमोजिमको आपूर्तिकर्ताबाट राहत सामाग्री उपलव्ध गराउने ।

(३) गाउँपालिकाबाट बाहिर गएका विद्यार्थी, उपचार गर्ने गएका विरामी तथा कामको सिलशिलामा बाहिर गएका श्रमिक वर्गको लागद संकलन र आवश्यक कागजात गरी नगद राहत वितरण गरिनेछ ।

८). **राहत वितरणको अभिलेख र प्रतिवेदनः-** (१) सम्बन्धित वडाले वितरणको अनुसूची-२ बमोजिमको राहत वितरणको अभिलेख आफ्नो कार्यालयमा राखी साप्ताहिक

स्वामीकार्तिक खापर गाउँपालिका

रूपमा सार्वजनिक गर्नुपर्नेछ र एक प्रति सम्बन्धित स्थानीय तहका कार्यालयमा पठाउनुपर्नेछ।

(२) प्रत्येक स्थानीय तहले राहतको प्रतिवेदन अनुसूची ३ बमोजिमको ढाँचामा पाक्षिक रूपमा राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनुपर्नेछ।

(३) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राहत वितरणको नियमित अनुगमन गर्नेछ।

**९) कारवाही सम्बन्धी व्यवस्थमः-** (१)यस कार्यविधिमा तोकिएको मापदण्ड पुरा नभएका व्यक्तिले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुदैन्।

(२) यस कार्यविधिको प्रतिकूल हुने गरी राहत विरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानुन बमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारिबाट निजले सिफारिस गरेको हदसम्मको रकम सम्बन्धित स्थानीय तहले निजबाट असुल गर्नुपर्नेछ।

स्वामीकार्तिक छापाखाना

अनुसूची १

( दफा ३ सँग  सम्बन्धित )

**<u>राहत प्राप्त गर्ने व्यक्तिहरूको विवरणः-</u>**

१).  नामथरः-    २).  बुवाको नामथरः-    ३).  बाजेको नामथरः-

४).  स्थायी ठेगानाः-    ५).  हालको ठेगानाः-

६).  टेलिफोन वा मोबाईल नम्बर ( भएमा)

७).  दैनिक ज्यालादारीमा कार्यरत स्थानः-    ८).  गर्ने गरेको कामको विवरणः-

९).  पेश गरेको कागजातहरूको विवरणः  (कम्तीमा कुनै एक कागजात संलग्न गर्नुपर्ने  )

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा

ख. गरिव घरपरिवार परिचयपत्रको प्रतिलिपि वा

ग. सवारी चालक अनुमतिपत्रको प्रतिलिपि वा

घ. अन्य

१०). राहत लिने व्यक्तिको स्वःघोषणाः

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यामबाट आय आर्जन गरेका छैनन् । मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन् र लिने पनि छैन् । माथि पेश गरेको विवरण ठीक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदकः-

दस्तखतः-

मितिः-

औंठाको छाप

| दायाँ | बायाँ |
| --- | --- |
| | |

सिफारिस गर्ने पदाधिकारीः-

दस्तखतः-

नामः

पदःमितिः

स्थानीय तहको नामः

वड नं.

स्वामीकार्तिक खापर गाउँपालिका

अनसूची ३

( दफा ७ को उपदफा १ सँग सम्बन्धित )

स्वामीकार्तिक खापर गाउँपालिका

वडा नं. ................. कार्यालय .....................

**राहत वितरणको अभिलेख**

| सि.नं. | राहत प्राप्त गर्ने नामथर | बाबुको नाम | बाजेको नाम | राहतको विवरण | राहत बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

राहत वितरण गर्नेकोः-
दस्तखतः-
नामथरः-
टेलिफोन नं.

स्वामीकार्तिक खापर गाउँपालिका

अनसूची ३
( दफा ७ को उपदफा २ सँग सम्बन्धित )
स्वामीकार्तिक खापर गाउँपालिका

**<u>प्रतिवेदनको ढाँचा</u>**

| क्र.सं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना तथा टेलिफोन नं. | बाबुको नाम | बाजेको नाम | राहतको वितरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |

निवेदन गर्नेकोः-
दस्तखतः-
नामथरः-
टेलिफोन नः-

**आज्ञाले**
**अमर बहादुर रोकाया**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

स्वामीकार्तिक खापर गाउँपालिका

स्वामीकार्तिक खापर गाउँपालिका